# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मितिः २०७२।१०।२४

**<u>प्रेस विज्ञप्ति ।</u>**

**आरोपपत्र दायर गरिएको**

........................................................

**श्री प्रधान सम्पादकज्यू/ सम्पादकज्यू,**

सशस्त्र प्रहरी बल प्रधान कार्यालय, हलचोक, स्वयम्भुले सामान नै ढुवानी नगरी ढुवानी गरेको भनि झुठ्ठा बिल भरपाई पेश गरी भ्रष्टाचार गरेको भन्ने उजुरी निवेदनका सम्बन्धमा पूर्व सशस्त्र प्रहरी महानिरीक्षक शैलेन्द्र कुमार श्रेष्ठको करिब नौ महिने कार्यकाल अर्थात २०६८ श्रावण देखि ऐ. चैत्र सम्म भएका ढुवानी प्रकरण उपर अनुसन्धान हुँदा सशस्त्र प्रहरी महानिरीक्षक निज शैलेन्द्र कुमार श्रेष्ठको आदेश/निर्देशनमा तत्कालीन लेखा प्रमुख सशस्त्र प्रहरी निरीक्षक तकमान महरा, भण्डार शाखाका प्रमुख सशस्त्र प्रहरी नायब उपरीक्षक रामचन्द्र श्रेष्ठ तथा अदिती ट्रान्सपोर्टका संचालक भरत कुमार थापा समेतको मिलेमतोमा सामान नै ढुवानी नगरी झुठ्ठा बिल भरपाई तथा पत्रहरू तयार गरी संचालन मै नरहेको/नभएको सत्यम् ट्रान्सपोर्टबाट समेत सामान ढुवानी गराएको भनि उक्त ट्रान्सपोर्टको समेत नक्कली बिल पेश गरी रु. ८०,९३,६१०।– (अक्षरुपी असी लाख तिरान्नब्बे हजार छ सय दश) बराबरको रकम आफुहरुलाई गैरकानूनी लाभ पुऱ्याई नेपाल सरकारलाई गैरकानूनी हानिनोक्सानी पुऱ्याउने कार्य गरेको व्यहोरा अनुसन्धान तहकिकातबाट देखिएकोले निजहरु उपर देहाय बमोजिमको मागदाबी सहित आजै बिशेष अदालत काठमाण्डौमा आरोप पत्र दायर गरिएको छ ।

| सि.नं | दर्जा | नामथर | बिगो | सजाय मागदाबी |
|---|---|---|---|---|
| १ | पूर्व स.प्र.म.नि | शैलेन्द्र कुमार श्रेष्ठ | रु. ८०,९३,६१०।- | भ्र.नि.ऐन २०५९ को दफा ८(१) |
| २ | स.प्र.नि (लेखा) | तकमान महरा | रु. ८०,९३,६१०।- | भ्र.नि.ऐन २०५९ को दफा ८(१) |
| ३ | स.प्र.ना.उ (भण्डार) | रामचन्द्र श्रेष्ठ | रु. १८,३९,५१०।- | भ्र.नि.ऐन २०५९ को दफा ८(१) |
| ४ | अदिती ट्रान्सपोर्ट | भरत कुमार थापा | रु. ५७,२१,५७०।- | भ्र.नि.ऐन २०५९ को दफा ८(४) |

FIGHT AGAINST CORRUPRION

(कृष्णहरि पुष्कर)
सहसचिव एवं प्रवक्ता